# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

## इलाम जिल्लाको दोश्रो जिल्ला सभा सम्पन्न

# प्रेश बिज्ञप्ति

इलाम जिल्लाको दोश्रो जिल्ला सभा यही मिति २०७५ असोज ११ गते सम्पन्न भएको छ । राष्टिय गानबाट शुरु भएको सभामा ज्ञात अज्ञात शहीदहरु र हालै कर्तव्य पालनको सिलसिलामा दुर्घटनामा परी दिवगत हुनु भएका जि.स.स.का नायव सुव्वा श्री जगत बहादुर कोइरालाको सम्झनामा एक मिनेट मौन धारण गरिएको थियो । कार्यक्रममा सबिधानसभाका अध्यक्ष, पुर्व सभामुख एव प्रतिनिधि सभा क्षेत्र न. २ मा माननीय सदस्य श्री सुवासचन्द्र नेम्वाङ्गको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पुर्व प्रधानमन्त्री श्री झलनाथ खनालको शुभकामना मन्तव्य जिल्ला सभाका अध्यक्ष एव जिल्ला समन्वय समितका प्रमुख श्री गणेश प्रसाद वरालले पढेर सुनाउनु भएको थियो । जिल्ला सभाको सफलताको कामना गर्दै प्रदेश सभा सदस्य श्री धिरेन शर्मा रमण, श्री राम बहादुर राना मगर, श्री खिनु लङ्गवा लिम्वु र काजीमान कागतेले मन्तव्य राख्नु भएको थियो ।

जिल्ला सभाले देहायको बिषयहरुमा छलफल गरी निर्णयहरु गरेको छ ।

<u>**निर्णय न १**</u> - जिल्ला समन्वय समितिले गत आर्थिक बर्ष २०७४।७५ मा सम्पादन गरेका कामहहरुको बार्षिक प्रगति प्रतिवेदन पारित गरियो ।

<u>**जिल्ला समन्वय समितिले आर्थिक बर्ष २०७४/७५ मा सम्पादन गरेका मुख्य मुख्य कामहरु:**</u>

- इलाम जिल्लाको प्रथम जिल्ला सभा मिति २०७४।४।११ मा वसी ५(पाँच) प्रस्ताव पारित गर्दै सम्पन्न ।
- जिल्ला समन्वय समितिको आर्थिक बर्ष २०७४।०७५ मा जम्मा ११(एघार) बैठक वसी ४१ (एकचालीस) वटा प्रस्ताव पारित भएको ।
- जिल्ला स्तरीय स्थानीय तह सहजीकरण तथा कर्मचारी व्यवस्थापन समितिको ८(आठ) वैठक वसी ८९ कर्मचारीहरुलाई स्थानीय तहमा कामकाजको लागि खटाई व्यवस्थापन गरिएको ।
- जिल्ला जलश्रोत समितिको १(एक) वैठक वसी १०(दश) वटा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गरी प्रमाण पत्र उपलब्ध गराईएको ।
- घ वर्गको निर्माण व्यवसायीहरुको आ.ब. २०७३।०७४ सम्म दर्ता भएका १०८ मध्ये आ.व. २०७४।०७५ को २०७४ माघ १५ गते सम्म ८० वटा नवीकरण गरी बाँकी नविकरण नभएका फर्महरु सम्वन्धित स्थानीय तहरुमा नै दर्ता तथा नविकरणका लागि फाइल तथा विवरण पठाइएको ।
- जिल्ला स्तरीय प्रारम्भिक वातावरीण परीक्षण पुनरावलोकन तथा सिफारिस समितिको वैठकबाट चुलाचुली गा.पा. वडा नं. ४ र ५ को सीमा क्षेत्र भित्र वग्ने रतुवाखोलाको प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन जिल्ला समन्वय समिति इलामबाट स्वीकृति भएको ।
- १ नम्वर प्रदेश सरकारको अर्थिक ऐन २०७५ बमोजिम आ.व. २०७५।०७६ को कृषि, पशु तथा पशुजन्य वस्तुहरुको जिल्ला निकासीकर ठेक्का नेहा कन्स्ट्रसन दमक न.पा. ६ संग रु२,०२,१००००।- (मा ठेक्का सम्झौता गरिएको) ।
- इलामका सवै स्थानीय तहमा योजना तथा वजेटिङ्ग २ दिनको, स्थानीय सरकार संचालन ३ दिनको र एकिकृत सम्पतिकर ३ दिनको १९ वटा तालीम सचालन भई जिल्लाका स्थानीय तहका ५५७ जना निर्वाचित पदाधिकारीहरु र प्रतिनिधिहरु, १४९ जना कर्मचारीहरुले गरी जम्मा ७०६ जना सहभागीहरुलाई तालीम प्रदान गरिएको छ । केही स्थानीय तहमा जिल्ला समन्वय समितिसंग

साझेदारी गरी स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघका पदाधिकारीहरु समेतले एकिकृत सम्पति करका बिषयमा तालीम प्राप्त गरेका छन ।

**माथिल्ला निकायहरुबाट अनुगमन, निरीक्षण तथा सुशासन प्रर्वद्धन**

- आ.व. २०७४।०७५ मा सूचनाको हक सम्वन्धी ३ (तीन) वटा सूचना विवरण उपलब्ध गराईएको ।
- संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय सिहंदरबार काठमाडौंबाट यस कार्यालयको व्यवस्थापन परीक्षण सम्पन्न गरेको ।
- जिल्लामा सचालित बिकास निर्माण कार्यको अनुगमन गरी समयमा काम सम्पन्न गराउन मिति २०७४।१०।१८ को निर्णय अनुसार जिल्ला समन्वय समितिका सदस्यहरुलाई देहायको जिम्वेवारी तोकिएको ।

  क) गाग्रेभन्ज्याङ–जितपुर नवमी सोयाक वेलासे चिसापानी सडक (उन्नति समावेशी कार्यक्रम) – जिसस सदस्य श्री रत्न बहादुर अधिकारी श्री पुर्ण बहादुर बस्नेत र श्री उमाकान्त बिश्वकर्मा

  ख) जितपुर ढोलेदेवी –साङरुम्वा सडक (उन्नति समावेशी कार्यक्रम)– जिसस सदस्य श्री उमाकान्त बिश्वकर्मा

  ग) फिक्कल नयाँबजार सडक (उन्नति समावेशी कार्यक्रम)– जिसस उप प्रमुख श्री चित्रकला वराइली, जिसस सदस्य श्री चन्द्र बहादुर मगर र हिमकला बस्नेत

  घ) नेपालटार (हमालयन टी)पुवामझवा सडक (उन्नति समावेशी कार्यक्रम)–जिसस सदस्य श्री निरुमाया राई

  ड.) बरबोटे कटेबुङ सडक (उन्नति समावेशी कार्यक्रम)–जिसस सदस्य श्री ज्याजिमा तामाँङ

  च) पालटागै–सिद्धिगाँउ सडक (उन्नति समावेशी कार्यक्रम)–जिसस सदस्य श्री चन्द्र बहादुर मगर

  छ) देउमाईखेला फाकफोक दोभान सडक पुल–जिसस सदस्य श्री पुर्ण बहादुर वस्नेत

**बिभिन्न दिवशहरु मनाईएको बिवरण**

- तेस्रो संविधान दिवश २०७४ साल असोज २, ३ र ४ गते बिभन्न कार्यक्रमहरु गरी मनाईएको ।
- भूकम्प सुरक्षा दिवश २०७४ "सवल समुदाय र स्थानीय सरकार, भूकम्पीय सुरक्षाको वलियो आधार" भन्ने मुल नाराका साथ बिभिन्न कार्यक्रमहरु गरी मनाइएको ।
- ६८ औं राष्ट्रिय प्रजातन्त्र दिवश जिल्लामा बिभिन्न कार्यक्रमहरु गरी मनाईएको ।
- बिभिन्न कार्यत्क्रमहरु गरी लोकतन्त्र र गणतन्त्र दिबश मनाइएको ।

**निर्णय न २** - जिल्ला समन्वय समितिको आ व ०७४।७५ को आय ब्यय र खर्चको प्रतिवेदन र चालु आर्थिक बर्ष २०७५।७६ को वजेट पास भएको छ ।

# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

**<u>जिल्ला समन्वय समितिको गत अर्थिक बर्ष २०७४।७५ को आय ब्यय र खर्चको विवरण :</u>**

- अर्थिक बर्ष २०७४/७५ मा जिल्ला समन्वय समितिले नवीकरण दस्तुर रु२,४५,५११।– सिफारिश दस्तुर रु ३३,९००।– अन्य दस्तुर रु ७०,१३९।– चल अचल सम्पति प्रयोगबापत रु १,८६,७३०।– भाडा रु ४,९८,९०८।– र अन्य आय रु १,२१,८७०।– गरी जम्मा रु ११,५६,४५८।– रकम प्राप्त भएको । त्यसरी नै घरजग्गा रजिष्ट्रशन वापत रु २,८०,०६,९०७।२० प्राप्त भएको मा सो रकम केन्द्रीय राजश्व खातामा जम्मा भएको छ ।
- बैदेशिक दातृराष्ट्र तथा अन्य सघसस्थाहरुबाट पुजिगत अनुदानतर्फ डेनिश दुतावासको रु ५,२६,९३,०८९।३१ र भारतीय दुतावास तर्फ १,५५,६७,८२२।- गरी जम्मा रु ६,८२,६०,९११।३१ रकम प्राप्त भई रु ६,७७,७६,६८०।७५ रकम खर्च भएको छ भने चालु खर्च तर्फ १९, ९०,०००।– प्राप्त भई सोही रकम खर्च भएको छ ।
- वातावरण बिकास कोषतर्फ वातावरण अधिकृत र उर्जा सहायकको तलव, भत्ता र सुविधामा मा रु ४,०१,१३०।– रकम खर्च भएको छ भने गरिवसग बिशेश्वर कार्यक्रम तर्फ रु ४,५४,६५०।– रकम खर्च भएको छ ।
- आर्थिक बर्ष २०७४/७५ मा जिल्ला समन्वय समितिलाई प्राप्त कुल अनुदान रु २,७५,०९,०००।– मध्ये रु १,८३,४६,९४९ रकम खर्च भएको छ जुन पदाधिकारीको सुबिधा, कर्मचारीको तलव भत्ता तथा सेवाबाट अवकाश भएका कर्मचारीहरुको सुबिधा भुक्तानीमा खर्च भएको छ ।
- स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालकहरुको तलव भत्ता र जननिर्वाचित पदाधिकारी एव कर्मचारीहरुको क्षमता बिकास तालीम कार्यक्रमको लागि बिनियोजित वजेट रु ७२,०५,०००।– मध्ये ५६,०९,९५०।– रकम अर्थात ६८.०८ प्रतिशत खर्च भएको छ ।
- आ ब ०७२।७३ सम्मको कुल बेरुजु मध्ये यस आ ब मा फछयौट भएको जम्मा रकम रु ३,०५,८६,८२४।-

**चालु आर्थिक बर्षको आय ब्यको अनुमानको प्रतिवेदनः**

चालु आर्थिक बर्षमा जिल्ला समन्वय समितिको लागि संघीय सरकारबाट रु१,२२,५९,०००।- रकम बिनियोजन भएकोमा देहाय बमोजिम खर्च हुने अनुमान गरिएको छ :

| सि.न. | खर्च शिर्षक न. | विवरण | रकम रु हजारमा |
|---|---|---|---|
| १ | २११११ | तलव | ४८७० |
| २ | २१११३ | महगी भत्ता | ३१४ |
| ३ | २१११९ | अन्य भत्ता | ७० |
| ४ | २११२१ | पोशाक | १३० |
| ५ | २११४१ | पदाधिकारी बैठक भत्ता | ३६० |
| ६ | २११४२ | पदाधिकारी अन्य सुविधा | २७६ |
| ७ | २११४९ | पदाधिकारी अन्य भत्ता | १८३२ |
| ८ | २२१११ | पानी तथा बिजुलि | १३० |
| ९ | २२११२ | सचार महसुल | २०० |
| १० | २२१२१ | घर भाडा | १२२ |
| ११ | २२१२२ | अन्य भाडा | ६० |
| १२ | २२२११ | इन्धन | ५५० |

# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

| सि.न. | खर्च शिर्षक न. | विवरण | रकम रु हजारमा |
|---|---|---|---|
| १३ | २२२१२ | सचालन तथा मर्मत सम्भार | ६०० |
| १४ | २२२१३ | बीमा | ३० |
| १५ | २२३११ | कार्यालय सम्बन्धि खर्च | ५०० |
| १६ | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | २५ |
| १७ | २२३१४ | इन्धन अन्य प्रयोजन | ८० |
| १८ | २२३२१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ५० |
| १९ | २२४११ | सेवा र परामर्श | १५० |
| २० | २२४१२ | सुचना प्रणाली तथा सप्टवेयर सन्चालन खर्च | ३४० |
| २१ | २२४१३ | करार सेवा शुल्क | ३१० |
| २२ | २२४१४ | सरसफाई सेवा शुल्क | ५० |
| २३ | २२५२२ | कार्यक्रम खर्च | ११० |
| २४ | २२६११ | अनुगमन मुल्याकन र भ्रमण खर्च | ५०० |
| २५ | २२६१२ | भ्रमण खर्च | १०० |
| २६ | २२७११ | बिबिध खर्च | ५०० |
| | | जम्मा | १२२५९ |

<u>निर्णय न ३</u> - साबिक जिल्ला बिकास समितिको आ ब २०७३।७४ को लेखा परीक्षण प्रतिवेदन पेश भई आगामी आर्थिक बर्षमा बेरुजु फछयौट गर्न सवै उपायहरु अवलम्वन गर्ने निर्णय गरेको छ ।

<u>निर्णय न ४</u> –सभाले जिल्लाको स्थानीय आवश्यकता एवं प्राथमिकता, विकासका नवीनतम प्रवृति समेतलाई दृष्टिगत गरी निम्न बमोजिमको जिल्ला स्तरीय नीति प्रस्ताव र पारित गरेको छ ।

१. भ्रष्टाचारमुक्त प्रशासन, शुसासन, पारदर्शिता र जवाफदेहि शासन व्यवस्था कायम गर्न सवै स्थानीय तहहरुबाट आवश्यक कार्य गरिनेछ ।

२. पेश्की शुन्य पार्न सवै स्थानीय तहहरुले आवश्यक पहल गरी सकेसम्म पेश्की बाँकी नराख्ने निति अवलम्वन गरिनेछ ।

३. जिल्लाभित्रका सवै स्थानीय तहहरुका वडा कार्यालय भवन आगामी ३ बर्षभित्र निर्माण गर्न सवै स्थानीय तहहरुबाट आवश्यक कार्य गरिनेछ ।

४. जिल्लाका सवै स्थानीय तहहरुका वडा केन्द्र सम्म वाह्रैमहिना सडक सचालन हुने गरी सवै स्थानीय तहहरुले आवश्यक कार्य गर्नेछन ।

५. विपद तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका जस्ता कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार र स्थानीय तहसग समन्वय गरिनेछ ।

# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

६. जिल्लाको सन्तुलित एवं समग्र विकासका लागि विपन्न महिला, बालबालिक, दलित, आदिवासी/जनजाति, पिछडा वर्ग लगायत लक्षित समुदायको माग एवं समस्यालाई यथोचित सम्वोधन गर्ने किसिमका कार्यक्रम संचालन गर्न आवश्यक कार्य गरिनेछ।

७. स्थानीय तह, डिभिजन कार्यालय, संघ संस्थाहरुद्धारा सम्पादित विकास निर्माणका कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु पारदर्शी बनाइ उत्तरदायी ढङ्गले सञ्चालन गर्न र त्यसको प्रभावकारी अनुगमन, नियमन गर्ने व्यवस्था मिलाईनेछ।

८. योजना तर्जुमा, कार्यान्वयन एवं मूल्याङ्कन कार्य समन्वयात्मक र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न जिल्ला समन्वय समितिबाट वार्षिक कार्यतालिका बनाई सोही अनुरुप, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ ।

९. जिल्ला भरि कृषि आधुनिकिकरणको अवधारणा सम्बन्धमा जिल्लाको उर्वर खेतीयोग्य जमीनमा हावापानी माटो र वातावरण सुहाउँदो भूभाग छनौट गरी उपयुक्त खेतीको विकास गर्न माटो परीक्षण गरी जमीन सुहाउँदो आधुनिक खेतीको विकास गर्न जरुरी रहेकोले परम्परागत खेती प्रणालीबाट किसान आत्मनिर्भर हुन नसकिरहेको सन्दर्भमा उन्नत वीउ मल र औषधीको प्रयोग विधि सम्बन्धमा किसानलाई प्रोत्साहित गराई आधुनिक खेती प्रणालीको विकास गर्नु एकातिर जरुरी छ भने अर्कोतर्फ आय आर्जनका दृष्टिले उपयुक्त फलफूल तरकारी खेतीलाई प्रोत्साहित गर्न तर्फ पनि प्रोत्साहित गर्दै दीगो आम्दानी हुने चियाकफी सुन्तला, कागती, किवी, एभोकाडो जस्ता खेतीको विकास गर्न जिल्लाका १० वटै स्थानीय तहमा कृषि विज्ञको व्यवस्था गरि आधुनिक कृषि र पशुपालनमा विकास गर्न जरुरी देखिएकोले सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१०. जिल्लाको उपयुक्त ठाउँहरू छनोट गरि एकीकृत वस्ती विकासको लागि अवधारणा सम्बन्धमा भूबनोटको वास्ता नगरी बसोवास गर्ने परम्पराबाट एकातिर राज्यबाट उपलब्ध गराउने न्यूनतम आवश्यकता बत्ती पानी बाटो घरघरै पु¥याउन सम्भव नहुने समस्या एकातिर छ भने अर्कोतिर भूकम्प, बाढीपहिरो, आगजनी जस्ता प्राकृतिक प्रकोपबाट पनि पिडीत भैहाल्नु परेको सन्दर्भमा सम्भाव्यता अध्ययन र भू–विज्ञके सुझावमा एकीकृत बस्ती विकासको अवधारणा अघि सार्न सम्बन्धित निकायहरूमा सिफारिस गरिनेछ।

११. जग्गा उपभोक्ताका नाममा दर्ता गरी प्रमाणपत्र दिने सम्बन्धमा नापी कार्यालयबाट नापी हुन छुट भएको जग्गाहरूको नापीबाट व्यक्तिको नाममा हकभोग गर्न उपयुक्त हुने अवस्थामा प्रचलित कानूनको प्रकृया पुरागरी त्यस्ता जग्गावाला व्यक्तिहरूलाई जग्गा धनीदर्ता प्रमाणपूर्जा दिन प्रकृया अगाडी बढाउन सम्बन्धित निकायमा पहल गरिनेछ।

१२. पर्यावरणीय दृष्टिले उपयुक्त बनजंगल संरक्षण गर्ने सम्बन्धमा प्राकृतिक र पर्यावरणीय दृष्टिले उपयूक्त देखिएका बनजंगल जोगाउन तत्काल आवश्यक प्रकृया अगाडि बढाउनु पर्ने भएकोले सरकारी सामुदायिक वन, कवुलियत वन, धार्मिक वन र नीजि

वन जंगल जोगाई सोको संरक्षण गर्न आवश्यक नीति योजना तर्जुमा गर्न गराउन सम्बन्धित निकायमा सिफारिश गरिनेछ ।

१३. पूर्वाधार निर्माणका लागि बातावरणीय प्रभाव मुल्याङ्कन गर्ने सम्बन्धमा पूर्वाधार निर्माणका कारण भूक्षय, पहिरो जस्ता कारणले कतिपय स्थान, उजाड भएको, खानेपानीको मूल सुक्न गै चरम अभाव झेल्न पर्ने बाध्यता सिर्जना हुँदै गएको साथै वातावरणमा समेत दीर्घकालीन असर परीरहेको सन्दर्भमा योजना संचालन गर्न पूर्व सो क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन गरी गराई सोको आधारमा मात्र भौतिक पूर्वाधार विकास निर्माणमा योजनाबद्ध अगाडी बढाउने गरि नीति तर्जुमा गर्न सम्बन्धित निकायमा सिफारिश गरिनेछ ।

१४. गैर सरकारी संस्थाहरुबाट संचालन हुने कार्यक्रमहरुलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रीत हुने गरी संचालन गर्न समन्वय र सहजिकरण गरिनेछ भने सहकारी क्षेत्रलाई गरिवी निवारणको एक माध्यमको रुपमा प्रोत्साहन गरिनेछ ।

१५. सडक निर्माण गर्ने कार्यमा प्राविधिक प्रतिवेदन अनुसार तोकिएको अत्यावश्यक स्थानहरुमा बाहेक स्काभेटर/डोजर जस्ता भारी मेशिन तथा उपकरणहरुको प्रयोगलाई न्युनीकरण गर्दै उपभोक्ता समिति मार्फत निर्माण गरिने सडक जनसहभागितामुलक, श्रममा आधारीत र वातावरण मैत्री ग्रामिण सडक निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. विकास निर्माण कार्य गुणस्तरी वनाउन निर्माणका विभिन्न क्षेत्रको मिस्त्री तालिम संचालन गर्न स्थानीय तहहरुबाट व्यवस्था मिलाउन पहल गरिने छ ।

१७. जिल्लामा उत्पादन हुने कृषिजन्य वस्तुहरुका लागि बजारसम्म पहुँच पुर्याउन महत्वपूर्ण मानिएका ग्रामिण सडकहरुको स्तर सुधार गरी बाह्रै महिना यातायात संचालन हुनसक्ने व्यवस्था मिलाउन पहल गरिने छ ।

१८. जिल्लाका मुख्य सडकहरुलाई सबै याममा चल्न सक्ने बनाउनको लागि प्राविधिक प्रतिवेदनका आधारमा प्रत्येक बर्षको असार देखि भाद्र मसान्त सम्म ट्र्याक्टर आवागमनमा रोक लगाउने निति सवै स्थानीयतहमा लागु गरिनेछ ।

१९. जिल्लाका मुल सडक संजाल भित्र पर्ने खोलाहरुमा सडक पुलको निर्माण गर्न डिटेल इन्जिनियरिङ्ग सर्वेक्षण र निर्माण कार्य अगाडी बढाउन पहल गरिने छ । स्थानीय तहको माग र आवश्यकताको आधारमा झोलुङ्गे पुलहरुको सम्भाब्यता अध्ययन गर्ने र बिगत आ.व.हरुबाट प्राथमिकतामा परेका र क्रमागत झो.पू.हरुको क्रमशः निर्माण सम्पन्न गर्दै लगिने व्यवस्था मिलाईने छ ।

२०. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसर बोकेका कृषि जन्य वस्तु अलैंची, अदुवा, सुन्तलाजात फलफुल, अकबरे खुर्सानी, व्यवसायिक तरकारीमा उपयुक्त कृषि प्रविधि हस्तान्तरण तथा उपयोगबाट ती वस्तुहरुको उत्पादन एवम् उत्पादकत्व बढाउन र कृषि उत्पादनमा वृद्धि गर्न सिंचाई, उन्नत विउ विजन, हाट वजार, तरकारी संकलन केन्द्र जस्ता कृषि पूर्वाधारहरुको निर्माण, मर्मत संभार तथा

प्रवद्र्धन गर्न प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकार र स्थानीय सरकार समक्ष समन्वय गरिने छ ।

२१. स्थान विशेष र बजार सम्भाव्यताका आधारमा स्थानीय स्रोत, साधन, श्रम र प्रविधिको अत्यधिक परिचालन गर्न सकिने र खाद्य तथा पोषण सुरक्षाका दृष्टिले महत्वपूर्ण स्थानीय पहिचानका पशुपंक्षीहरुको मुल्य अभिवृद्धि श्रृंखला आवद्ध हुने गरी कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ ।

२२. सवै स्थानीय तहहरुमा कृतिम गर्भाधान सेवाको क्षेत्र विस्तार गर्न सम्भाव्य स्थानहरुको पहिचान गरि कृतिम गर्भाधान केन्द्रहरु थप गर्ने कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

२३. इलाम सदरमुकामको खानेपानी आयोजनाको काम समयमै सम्पन्न गर्न विशेष पहल गरिने छ ।

२४. निर्माणाधिन सुकिलुम्वा बिमानस्थलको बाँकी काम यथासिघ्र सम्पन्न गरी उडान सुचारु गर्न नेपाल सरकार सस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई अनुरोध गरिनेछ ।

२५. जिल्लाका सवै स्थानीय तहहरुमा राजमार्ग बाहेकका सहायक सडकहरुको अव बिस्तार गर्दा निश्चित चौडाई कायम गरिनेछ ।

२६. यस जिल्लाको प्रयर्टन पूर्वाधारको लागि सम्भावित क्षेत्रहरुमा विभिन्न पर्यटन विकास कार्यहरुलाई प्रदेश सरकार र स्थानीय तहसंगको समन्वयमा एकिकृत रुपबाट संचालन गर्न पहल गरिने छ ।

२७. जिल्लामा रहेका ऐतिहासिक धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बद्र्धन गर्ने कार्यलाई निरन्तरता दिनका लागि पहल गरिने छ ।

२८. अनिवार्य शिक्षालाई अधिकारको रुपमा पहुच पुर्याउन पहल गर्दै १२ बर्ष मुनिका वालवालिकाहरुको शिक्षामा पहुचलाई सुनिश्चित गरिनेछ ।

२९. जिल्ला सदरमुकाम जोडने दमक–लखनपुर-चुलाचुली-मिलनचोक-तिनतले- महमाई सडकको काम यथासिघ्र सम्पन्न गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

३०. भू–क्षयका दृष्टिले संवेदनशील रहेका जिल्ला भित्रका क्षेत्रहरुमा भू–क्षय न्यूनिकरण गर्नका लागि प्रदेश सरकार र स्थानीय सरकार, डिभिजन कार्यालय र गैरसरकारी संस्थाहरु मार्फत कार्यक्रम संचालन गर्न समन्वय गरिनेछ ।

३१. बिध्युत उत्पादन कम्पनीहरुको बातावरण सम्वन्धि खर्च शिर्षकका बजेटहरु जलाधार क्षेत्रमा बृक्षारोपणामा उपलव्ध गर्नुपर्ने खासगरी माईको उदगमस्थल खासगरी सन्दकपुर माइजोगमाइ र इलाम नपाका बिभिन्न वडाहरुमा बृक्षारोपण गर्न अनुरोध गरिनेछ ।

३२. सामाजिक कुरीति, चेलिवेटी वेचविखन, देह व्यापार, बलत्कार,घरेलु हिंसा लगायतका महिला हिंसा नियन्त्रणका लागि सामाजिक जागरण वढाउने कार्यक्रमलाई निरन्तरता दिन विशेष पहल गरिने छ ।

# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

**<u>निर्णय न ५</u>** - जिल्ला सभाका सदस्यहरु मध्येबाट जिल्ला सभाका कामहरुलाई ब्यवस्थित गर्न पाँच पाँच जना सदस्यहरु रहेको ३ वटा समितिहरु गठन गरिएको छ जसमा पुर्वाधार बिकास समितिको सयोजकमा सुर्योदय नगरपालिकाका प्रमुख श्री रण बहादुर राई अन्य सदस्यहरुमा जि.स.स. सदस्य श्री पुर्ण बहादुर वस्नेत, चुलाचुली गाउपालिकाका अध्यक्ष श्री प्रदिपचन्द्र राई, फाकपोकथुम गाँउपालिकाका अध्यक्ष श्री राम कुमार श्रेष्ठ र सन्दकपुर गाउपालिकाका उपाध्यक्ष श्री शोभा पराजुली रहनु भएको भएको छ । आर्थिक बिकास समितिको सयोजकमा इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेत अन्य सदस्यहरुमा देउमाई नगरपालिकाका प्रमुख श्री सुर्य पोखरेल, जिसस सदस्य श्री रत्न बहादुर अधिकारी, सुर्योदय नगरपालिकाका उपप्रमुख श्री दुर्गादेवी भट्टराई र रोङ्ग गाउँपालिकाका अध्यक्ष श्री शमसेर राई रहनु भएको छ । यसैगरी सामाजिक बिकास समितिको संयोजकमा जि.स.स.काउपप्रमुख श्री चित्रकला वराइली अन्य सदस्यहरुमा जिसस सदस्य श्री चन्द्रबहादुर मगर, माई नगरपालिकाका उपप्रमुख श्री बिष्णुमाया रिमाल, माईजोगमाई पाउपालिकाका अध्यक्ष श्री जित बहादुर राई र माङसेवुङ्ग गाँउपालिकाका उपाध्यक्ष श्री सुनिता सुव्वा रहनु भएको छ ।

**<u>निर्णय न ६</u>** - जिल्ला सभाले जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको भवन तथा हल भाडामा लगाए बापत र सेवा उपयोगका अन्य क्षेत्रमा शुल्क दस्तुरहरु पनि पास गरेको छ ।

**<u>निर्णय न ७</u>** - गत आर्थिक बर्षको मालपोत रजिष्ट्रशन दस्तुर र जिल्ला निकाशी कर बापतको जम्मा रकम रु३,१६,६३,९६४।६४ मध्ये मालपोतको रजिष्ट्रशन दस्तुर जुन जुन स्थानीय तहबाट उठेको छ सोही तहमा र जिल्ला निकाशी कर सवै स्थानीय तहलाई समान रुपमा वाँडफाँड गर्न निर्णय भएको छ । जस अनुसार

| गाँउपालिकाको नाम | रजिष्ट्रेशन दस्तुरको रकम | जिल्ला निकाशी करको रकम | जम्मा रकम |
|---|---|---|---|
| सुर्योदय न.पा. | ६८४८२६२.७७ | १७२०५५३.८७ | ८५६८८१६.६४ |
| इलाम न.पा. | ४८१०६२१.९८ | १७२०५५३.८७ | ६५३११७५.८५ |
| चुलाचुली गा.पा. | ७६२९४५.९१ | १७२०५५३.८७ | २४८३४९९.७८ |
| माई न.पा. | ४१८७२९.५५ | १७२०५५३.८७ | २१३९२८३.४२ |
| माईजोगमाई गा.पा. | ३९४७८६.३५ | १७२०५५३.८७ | २११५३४०.२२ |
| देउमाई न.पा. | ३७९१८६.५८ | १७२०५५३.८७ | २०९९७४०.४५ |
| रोङ गा.पा. | २८०९५३.३१ | १७२०५५३.८७ | २००१५०७.१८ |
| फाकफोकथुम गा.पा. | २४४१५४.६४ | १७२०५५३.८७ | १९६४७०८.५१ |
| सन्दकपुर गा.पा. | २३५६५४.१२ | १७२०५५३.८७ | १९५६२०७.९९ |
| माङसेवुङ्ग गा.पा. | ८३१३०.७७ | १७२०५५३.८७ | १८०३६८४.६४ |
| **कुल जम्मा** | **१४४५८४२५.९८** | **१७२०५५३८.६६** | **३१६६३९६४.६४** |

# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

**<u>निर्णय न ८</u>** - स्थानीय सरकार संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ९८(३) मा भएको व्यवस्था बमोजिम साविक जिल्ला बिकास समिति हाल जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको देहाय बमोजिमको जग्गा तथा भौतिक संरचनाहरुको स्वामित्व निम्न अनुसारको स्थानीय तहहरुलाई हस्तान्तरणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय भयो ।

क) हाल इ७ .पा.न. इलाममा रहेको किता न ५५८ ५९२ ६६५ ६६६ ६६९ ६७१ को १ रोपनी १२ आना २ पैसा १ दाम जग्गा र सोमा निर्मित भवन इलाम नगरपालिकाको कार्यालय इलाम ।

ख) साबिक समालवुङ्ग-१ इलामको किता न ८९ को १० रोपनी जग्गा र भवन र साविक श्रीअन्तु गाबिस-१ को किता न १३८ को ४ रोपनी जग्गा सुर्योदय नगरपालिकाको कार्यालय इलाम ।नगरपालिकालाई हस्तान्तरण गर्ने ।

ग) जिल्ला समन्वय समितिको भवन बनिसकेपछि जिल्ला समन्वय समितिलाई आवश्यक नहुने अन्य अचल सम्पतिको हकमा नेपाल सरकारमा सिफारिश गर्नु अगाडी जिल्ला समन्वय समितिले निर्णय गरी एकमुष्ट स्वामित्व हस्तान्तरण गर्नुपर्ने अचल सम्पति समेतको सिफारिश गर्न अख्तियारी दिने ।

घ) जिल्ला समन्वय समितिमा रहेका आवश्यकता भन्दा बढी प्रयोगबिहिन अन्य चल सम्पतिहरु स्थानीय तहहरु, सरकारी निकायहरु एव अन्य निकायहरुलाई न्यायोचित हिसावले बितरण गर्न जिल्ला समन्वय समितिका प्रमुखलाई अख्तियारी दिने ।

ङ) रोङ्ग गाँउपालिकास्थित जोरकलश भवन संरक्षण र सम्वर्दन गर्न रोङ्ग गाँउपालिकालाई हस्तान्तरण गरिएको सभामा जानकारी गराईयो ।
साथै सुर्योदय नगरपालिका वडा न २ मा रहेको सुचना केन्द्र नगरपालिकालाई हस्तान्तरण गर्न सम्वन्धित निकायलाई अनुरोध गर्नका साथै जिल्लाका अन्य स्थानहरुमा यस्ता अन्य संरचनाहरु भए तत् तत् स्थानीय तहमा हस्तान्तरण गर्न सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय भयो ।

**<u>निर्णय न ९</u>** - जि.स.स.को हाल निर्माणाधिन भवन जिससको बिगत बर्षको आन्तरिक श्रोत समेत परिचालन गरी यथासिघ्र सम्पन्न गर्ने निर्णय भयो ।

**<u>निर्णय न १०</u>** - जि.स.स.का पदाधिकारीहरुलाई चाडपर्व खर्च वापत एक महिनाको सुविधा वरावर र पोशाक भत्ता बापत रु १०,०००।– तोक्के निर्णय भयो ।

**<u>बिशेष प्रस्तावहरु :</u>**

जिल्लासभाले देहाय बमोजिमका बिशेष प्रस्तावहरु पनि पास गरेको छ ।

# जिल्ला सभा इलाम

**१ न प्रदेश नेपाल**

क) जिल्ला समन्वय समितिका उपप्रमुख, जि.स.स. सदस्यहरु र निर्वाचित स्थानीय तहका पदाधिकारीहरुको मर्यादाक्रम यथासिघ्र निर्धारण गर्न नेपाल सरकारसंग अनुरोध गर्ने ।

ख) स्थानीय तहका पदाधिकारिहरुको सेवा सुविधाहरु समयसापेक्ष वनाउन ऐन संशोधन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

ग) जिल्ला निकाशी करको बाँडफाँड मोडालिटी तयार गर्न र ढुगाँ गिटी वालुवाको कानूनी ब्यवस्था स्पष्ट पार्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

घ) नेपाल सरकारले लिजमा दिएको चिया बिकास निगमको चिया वगानहरुमा कार्यरत मजदुरहरुको समस्या समाधान गर्न र लिज पुनरावलोकन गर्न नेपाल सरकारमा अनुरोध गर्ने निर्णय भयो ।

ङ) उन्नति समावेशी कार्यक्रमको बाँकी काम अबिलम्व सम्पन्न गर्ने उचित ब्यवस्था मिलाउन नेपाल सरकार र सम्वन्धित दातृ निकायलाई अनुरोध गर्ने निर्णय भयो ।

सभाको अन्त्यमा सभाध्यक्षले दोश्रे जिल्लासभामा पाल्नु भएका प्रमुख अतिथि, अतिथिहरु र सदस्यहरु लगायत दोश्रो जिल्ला सभा सम्पन्न गर्न सहयोग पुर्याउनुहुने सवैलाई धन्यबाद ज्ञापन गर्नु भएको छ ।

झरेन्द्र प्रसाद चापागाई
सचिव
मिति २०७५।६।११